स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अल्लु अर्जुन अभिनित बहुप्रतिक्षित फिल्म 'पुष्पा २' को ट्रेलरको रिलिज गर्ने तयारी गरिएको छ। निर्माण पक्षका अनुसार चलचित्रको ट्रेलर नोभेम्बर १७, २०२४ साँझ ६:०३ बजे रिलिज हुनेछ। यसअघि ट्रेलर नोभेम्बर १५ मा रिलिज हुने खबर आएको थियो तर अब यसको नयाँ मिति नोभेम्बर १७ तोकिएको छ। फिल्मका निर्माताले पोस्ट सेयर गरेका छन्। हालै निर्माण पक्षले सामाजिक सञ्जालमा फिल्मको बारेमा नयाँ अपडेट पनि दिएको थियो।

**आजको विचार...**



राजनीतिक... (दुई पेजमा)

पुरुषोत्तम घिमिरे



विराज भ  र छोरा समीर गत साता '१२ गाउँ' को हल भिजिटका लागि पश्चिम नेपाल पुगेका थिए। हल-हलमा पुगेर उनीहरुले दर्शकसँग भलाकुसारी मात्र गरेनन्, हल सञ्चालकसँग फिल्मको अवस्थाबारे जानकारी दिए। यस्तोमा '१२ गाउँ' प्रवर्धनको लागि नेपालगञ्ज पुगेका विराजको एक भिडियो यतिबेला सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ। भिडियोमा हजारौं प्रतिक्रिया आएका छन्। यो भिडियोले सकारात्मक र नकारात्मक दुवैथरी प्रतिक्रिया पाइरहेको छ।


❒ वर्ष ३० ❒ अंक ११० ❒ २०८१ कार्तिक २८ गते बुधबार 13 November 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## सहकारी ठगी प्रकरण

# भित्र रविको बयान, बाहिर सहकारी पीडितको आन्दोलन

हाम्रा संवाददाता

**भैरहवा,** कार्तिक २७/पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई सहकारी ठगी, संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान गर्न भैरहवा ल्याइएको छ । उनलाई पोखराबाट मंगलबार जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीमा ल्याइएको हो ।

पोखराबाट बुद्ध एयरको पौने ८ बजेको पहिलो विमानबाट भैरहवा ल्याउने तयारी भए पनि पोखराको मौसम खराब भएकाले उडानमा ढिलाइ भएको थियो । पोखराबाट १२ बजे उडेको जहाज भैरहवामा १२ बजेर २८ मिनेट जाँदा अवतरण गरेको थियो । रुपन्देही प्रहरीका अनुसार लामिछानेलाई विमानस्थलबाट सिधै सरकारी वकिलको कार्यालय लगि बयान लिन सुरु गरिएको हो । भित्र रविको बयान भइरहँदा बाहिर भने सहकारी पीडितको प्रदर्शन जारी थियो । उनीहरूले भैरहवामा नाराबाजी गरेका थिए । सदरमुकाम भैरहवाको बुद्धचोक र सरकारी वकिल कार्यालय नजिकै पीडितले प्रदर्शन




गरेका हुन् । उनीहरुले सहकारीमा जम्मा गरेको रकम फिर्ता माग गरेका छन् । सुप्रिम सहकारीपीडित समूहको नाममा भैरहवाको बर्मेली टोल नजिकै जिल्ला अदालत प्रवेशद्वारमा भेला भएका पीडितले 'सहकारीपीडितलाई न्याय दे', 'सहकारी ठग्न पाइँदैन', 'सहकारी ठगीको निष्पक्ष छानबीन गर' लगायत नारा लगाएका थिए । प्रदर्शनमा ५० भन्दा धेरै पीडित सहभागी भएका थिए । राजनीतिक संरक्षणमा कसैलाई उन्मुक्ति दिन नहुने उनीहरुको माग छ । उनीहरुले दुई वर्षदेखि न्याय माग्दै आए पनि अहिलेसम्म सुनुवाई नभएकाले प्रदर्शन जारी रहने जनाए । सिहकारी पीडित संघर्ष समितिका अध्यक्ष विजय नेपालले जिल्ला अदालत प्रवेश मार्गदेखि जिल्ला सरकारी वकिल कार्यालयसम्म प्रदर्शन गरिएको जनाए । 'हामीलाई न्याय चाहिएको हो, कसैको विरोध होइन ।',उनले भने, 'हाम्रो खुन-पसिनाको बचत तुरुन्त फिर्ता गरियोस् ।' बुटवलस्थित सुप्रिम सहकारीबाट १ करोड ९६ लाख रवि लामिछानेकै नाममा र १४ करोड २९ लाख रुपैयाँ विभिन्न व्यक्तिमार्फत गोर्खा मिडिया नेटवर्कमा पुगेको संसदीय छानबिन विशेष समिति र प्रहरीको प्रतिवेदनमा उल्लेख छ । सहकारी ठगी प्रकरणमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति लामिछानेसहित १२ जनाविरुद्ध रुपन्देही जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको थियो । लामिछानेसँगै रूपन्देही जिल्ला अदालतबाट पक्राउ अनुमति जारी भएका गोर्खा मिडिया नेटवर्कका उपाध्यक्ष छविलाल बञ्जाडे जोशीलाई पनि यसअघि नै भैरहवा ल्याएर बयान गरेर कास्कीमै लगिएको थियो ।

## संक्षिप्त समाचार

### मनाइयो हरिबोधनी एकादशी



**पाल्पा,** कार्तिक २७/मंगलबार हरिबोधनी एकादशी मनाइएको छ । विशेष पूजा गरी दामोदरसँग तुलसीको विवाह गरी एकादशी मनाइएको हो ।

एकादशीका दिन बिहानै देशभरका मन्दिर र नदी तलाउहरुमा भक्तजनको भीड लागेको थियो । आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन क्षीरसागरमा सुतेका भगवान् विष्णु यस दिन जागा हुने धार्मिक विश्वास छ । जागा हुने भगवान् विष्णुलाई पूजाआजासहित आराधना गर्न बिहानैदेखि मन्दिरमा भक्तजनको भीड लागेको हो । वैदिक सनातन धर्मावलम्बीले स्नान गरी व्रत बस्छन् । यस दिन चामलबाट बनेका परिकार नखाई फलाहार मात्र गर्ने गरिन्छ । आषाढ शुक्ल एकादशीदेखि पूजाआजा सुरु गरिएको तुलसीको मठमा विधिपूर्वक पूजासहित हवन गरेपछि चतुर्मास व्रत समाप्त हुने शास्त्रीय वचन रहेको छ ।

## लुम्बिनी विकास कोषको ७७ करोड ५५ लाख बजेट पारित



**लुम्बिनी,** कार्तिक २७/लुम्बिनी विकास कोषको परिषद् बैठकले आर्थिक वर्ष २०८१/८२ को बजेट पारित गरेको छ । कोषका अध्यक्ष संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बसेको परिषद् बैठकले बजेट पारित गरेको हो । परिषद्ले ७७ करोड ५५ लाख ९२ हजार रुपैयाँको आयव्यय अनुमानित बजेट पारित गरेको हो ।

कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराईद्वारा प्रस्तावित बजेटमा आन्तरिकतर्फ ३२ करोड ५५ लाख ९२ हजार र सरकारको अनुदान ४५ करोड रुपैयाँ गरी उक्त आम्दानी खर्चको अनुमान गरिएको हो ।

कोषका सदस्यसचिव सानुराजा शाक्यद्वारा प्रस्तुत आगामी वर्षको नीति तथा कार्यक्रम प्रतिवेदन सुझावसहित पारित गरिएको छ । प्रस्तुत बजेट नीति र कार्यक्रमले आय बढाउन दर्शनार्थीको सङ्ख्या बढाउने, दियो बत्तीको सेवालाई थप वृद्धि विस्तार गर्ने, उपहार, दान तथा चन्दा व्यवस्थापन गर्ने, काठ लिलाम बिक्री, पार्किङ, लुम्बिनी प्रवर्द्धनात्मक सामग्री उत्पादन र वितरणमा प्राथमिकता दिएको छ । व्ययतर्फ लुम्बिनी गुरुयोजनाको कार्यान्वयन, युनेस्को विश्व सम्पदा कमिटीका सुझाव कार्यान्वयन, पूर्वाधार निर्माण, तिरौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने र स्थानीय तहसँगका सहकार्य व्यय गर्ने योजना प्राथमकितामा छन् ।बैठकमा मन्त्री पाण्डेले लुम्बिनीको विकास र सुधारमा मन्त्रालय र आफ्नोतर्फबाट पर्याप्त रूपमा सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सुरु भएकाले यसबाट लुम्बिनी र त्यस क्षेत्रका पर्यटकीय क्षेत्रले लाभ लिनुपर्ने बताए । बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्यन राज्यमन्त्री अरुण चौधरीले समयको सदुपयोग गरेर कामलाई तीव्रता दिनुपर्नेमा जोड दिए । बैठकमा कोषका उपाध्यक्ष डा ल्हारक्याल लामाले लुम्बिनी विकास कोषले अर्थ, परराष्ट्र, गृह र पर्यटन मन्त्रालयबाट यथेष्ट सहयोग नपाएको गुनासो गर्दै उक्त सहयोग र ढोका खुला राख्ने हो भने लुम्बिनी गुरुयोजना कार्यान्वयन सक्न सरकारको अनुदानबिना नै पूरा गर्न सकिने तर नेपालको नीतिमा उदार व्यवस्था हुनुपर्ने बताए । बैठकले लुम्बिनीमा निर्माण गरी राम्रोसँग सञ्चालनमा नआएका बिहार, गुम्बाको अध्ययन गरी तिनको करार प्रक्रिया र अवधिमा पुन:मूल्याङ्कन गर्न अध्ययन कार्यदल बनाउने निर्णयका साथै कर्मचारी संगठनको बदलिँदो आवश्यकताअनुरुप पुन:संरचना गर्ने निर्णय पनि गरेको छ । - *रासस*

## गण्डकी प्रदेशका पूर्वमन्त्री मनाङे पक्राउ



**पाल्पा,** कार्तिक २७/गण्डकीका प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री दीपक मनाङे (राजीव गुरुङ) पक्राउ परेका छन् । मंगलबार बिहान उनलाई राजधानीको कम्फर्ट हाउजिङ सितापाइलाबाट प्रहरीले पक्राउ गरेको हो ।

ज्यान मार्ने उद्योगको कसुरमा गण्डकी प्रदेश सभा सदस्य मनाङे सर्वोच्च अदालतबाट दोषी ठहर भएका थिए । उनलाई ५ वर्ष कैद सजाय हुने फैसला भएको थियो । मनाङेलाई प्रहरीले पक्राउ गरेर काठमाडौं जिल्ला अदालत लगेको छ । मनाङबाट स्वतन्त्र प्रदेशसभा सदस्य निर्वाचित भएका मनाङेलाई केन्द्रीय अनुसन्धान ब्युरोबाट अदालतमा उपस्थित गराइएको हो । त्यसपश्चात उनलाई अदालतको फैसला कार्यान्वयनका लागि कारागार चलान गरिँदैछ । दुई ग्याङस्टारबीचको झगडामा तरबार प्रहार गरेर ज्यान मार्ने उद्योग गरेको अभियोगमा मनाङेविरुद्ध मुद्दा चलेको २० वर्षपछि गत मंगलबार न्यायालयले अन्तिम फैसला गरेको थियोरु। उनी यसअघि दुई पटक गरेर ३२ महिना जेल बसिसकेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## दुर्घटनाको शृंखला रोकौं

पछिल्लो समय सवारी दुर्घटना अत्यधिक बढिरहेको छ । शुक्रबार यता सुर्खेत, चितवन र बागलुङमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १४ जनाको ज्यान गएको छ भने केही यात्रु घाइते भएका छन् । घटनाको यथार्थ कारण नखुले पनि साँघुरो, जीर्ण सडक तथा चालकको लापरवाहीले सवारी दुर्घटना हुने गरेका छन् । दुर्घटना न्यूनीकरणका लागि विभिन्न प्रयास हुन्छन् तर दुर्घटनामा नागरिकले अनाहकमा मृत्युवरण गरिरहनुपर्ने अवस्था यथावत् छ । दैनिक हुने साना दुर्घटनामा त कसैको ध्यान जाँदैन तर जब ठूलो दुर्घटना हुन्छ तबमात्र राज्यसंयन्त्रले छानविन समिति बनाउनेदेखि राहतका कुरा उठाउँछ । पीडामा परेकाबाहेक केही दिनमै सबैले यी कुरा बिर्सछन् । पीडक पीडामै हुन्छन्, दुर्घटना गराउने सहजै उम्कन्छन् । यही नियतिले पछिल्लो समय सडक दुर्घटनाका समाचार सुनिँदै आइएको छ ।

दुर्घटना अचानक हुने घटना हो जसले गर्दा कसैले रोक्न सक्दैन तर सावधानीले कमी गराउन भने अवश्य सकिन्छ । सचेतताका कारण लापरवाहीबाट हुने दुर्घटना हुँदैनन् वा कम हुन्छन् । मानिसको जीवनसँगको सवाल भएकाले यातायातका क्षेत्रमा उच्च सतर्कताको आवश्यकता छ तर हाम्रोमा भने लापरपवाही हुने गरेको छ । जसले गर्दा दुर्घटना पटक–पटक दोहोरिने गरेका छन् । यातायात क्षेत्रमा कडाइ नगरिनाले यस्तो हुने गरेको हो । यातायात क्षेत्रलाई व्यवस्थित गर्न स्थापना भएका निकाय र पदासीन व्यक्तिहरूले यसमा नियमन र निगरानी गर्ने हो भने निश्चय दुर्घटनामा कमी गराउन सकिन्छ ।

हाम्रो देशमा जिम्मेवार व्यक्तिहरू नै यातायात व्यवसायीको कठपुतली बन्ने गरेका र उनीहरूलाई यस्ता सबै काममा अघोषित रूपमा छुट दिने गरेको भन्ने आक्षेप लाग्ने गरेको कुरामा केही सत्यता छ । जसले गर्दा पनि यस्ता घटनाहरुले पश्रय पाइरहेका छन् । यो अत्यन्त दुखको कुरा हो । सडक दुर्घटनामा भइरहेका कहालीलाग्दा दुःखान्तहरूले सम्बन्धित परिवारलाई मात्र होइन, शासकहरूलाई पनि दुख्नुपर्छ । सडक सुरक्षाको सवाल कुनै ठूलो दुर्घटना भएपछि सामान्य चर्चाको विषय बन्ने र पछि त्यसै सेलाउने हुनु हुँदैन । यसबारे कुनै एक पक्षमात्र सचेत भएर हुँदैन समग्र राज्यसंयन्त्र र निजी क्षेत्र नै सचेत हुन जरुरी छ ।

### Opinion @ Social Network

मिठो बोल्ने सबै मित्र हुँदैनन्, रिसाउने सबै शत्रु हुँदैनन,
नाता पर्ने सब आफ्ना हुँदैनन, अनि बोल्ने सब बाठा र नबोल्ने लाटा हुँदैनन् ।
*(राधा दर्लामीको फेसबुक स्टाटस https://www.facebook.com/Radha.Darlami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक स्थायित्व दिन निर्वाचन प्रणालीमा सुधार आवश्यक



## पुरुषोत्तम घिमिरे

नेताले साँच्चिकै राजनीतिक स्थायित्व चाहेको हो भने पहिलो नम्बरमा निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ । हाम्रो निर्वाचन प्रणाली साह्रै महँगो र अव्यवस्थित छ । पैसा हुनेले दलको टिकट पाउँछन् निर्वाचन जित्छन् पैसा नहुनेले न टिकट पाउँछन् न निर्वाचन जित्छन् । पैसामा टिकट किनबेच हुन्छ मासुभात मदिरामा भोट किनबेच हुन्छ । पैसा खर्च गरेर निर्वाचन जित्नुपर्ने भएपछि ती निर्वाचन जितेका सांसदले भ्रष्टाचार नगरे के गर्छन् ? उनीहरूले पनि लिएको ऋण तिर्नैपर्छ अनि निष्ठाको राजनीति गर्छु भनेर सम्भव छ ? राजनीतिलाई व्यापारीकरण गर्नुभएन स्वतन्त्र छाड्नुपर्‍यो । नेताहरूले राजनीतिलाई मनलागी चलाएका छन् नीति नियमानुसार होइन आफू अनुसार चलाएका छन् जसका कारण राजनीति मियोविनाको दाइँ भएको छ । निष्ठाको राजनीति गर्नले अवसर पाउँदैन जो चाकडी चाप्लुसी गर्न सक्छ त्यसले नै अवसर पाउँछ । राजनीतिले नै भ्रष्टाचार गर्न छुट दिएको छभन्दा फरक पर्दैन । नेताहरू व्यापारीसँग साँठगाँठ गरेर निर्वाचनमा जाने अनि ती व्यापारीले नेताबाट फाइदा नलिए कोबाट लिने । स्थानीय तह होस्, प्रदेशमा होस् या केन्द्रमा हरेक ठाउँमा पैसा नभई कसैले टिकट पाउनेवाला छैन । देश बनाउने सोच बोकेर राजनीतिक यात्रा कसैले थालेका होइनन् सबैले आआफ्नो दुनो सोझ्याउन राजनीतिमा आएका हुन्भन्दा फरक पर्दैन । धेरै वर्षअघिदेखि राजनीतिमा लागेकाले अवसर पाउँदैनन् हिजो राजनीति सुरु गरेकाले अवसर पाउँछन् । यसले गर्दा असल कार्यकर्ता पाखा लाग्दै गएका छन् । राम्राले होइन हाम्राले अवसर पाउँदैगएका छन् । जबसम्म यो र यस्तो प्रवृत्तिको अन्त्य हुँदैन तबसम्म देशले राजनीतिक स्थायित्व पाउन सक्दैन । बोलेरमात्र देशमा संवृद्धि आउँदैन, त्यसका लागि केही महत्वपूर्ण काम गर्नुपर्छ । ६ दशक नाघेका नेताले देशको बारेमा सोचेर अघि बढ्दैनन् भने देश विकास कसरी र कहिले होला ? जनताले नेताको विरोध गरेका छैनन् गर्दा पनि गर्दैनन् । जनताले नेताको गलत प्रवृत्तिको विरोध गरेका हुन् यसलाई मनन् गरेर अघि बढ्नुपर्छ । कसले के भन्योभन्दा पनि मैले के गर्नुपर्छ भनेर सोच्नेबेला आएको छ । हामीभन्दा पछि स्वतन्त्र भएका मुलुकहरू विकासको चरम बिन्दुमा पुगेका छन् हामी भने झन् तल झन् तल झर्दै गएका छौं । देशमा जबसम्म राजनीतिक स्थायित्व हुँदैन तबसम्म विकास सम्भब छैन । अझ समस्याका रूपमा देखिएको समानुपातिक निर्वाचन प्रणाली यो त देशका लागि ऐँजेरु भएको छ ।

*राजनीतिलाई व्यापारीकरण गर्नुभएन स्वतन्त्र छाड्नुपर्‍यो । नेताहरूले राजनीतिलाई मनलागी चलाएका छन् नीति नियमानुसार होइन आफू अनुसार चलाएका छन् जसका कारण राजनीति मियोविनाको दाइँ भएको छ । निष्ठाको राजनीति गर्नले अवसर पाउँदैन जो चाकडी चाप्लुसी गर्न सक्छ त्यसले नै अवसर पाउँछ । राजनीतिले नै भ्रष्टाचार गर्न छुट दिएको छभन्दा फरक पर्दैन । नेताहरू व्यापारीसँग साँठगाँठ गरेर निर्वाचनमा जाने अनि ती व्यापारीले नेताबाट फाइदा नलिए कोबाट लिने । स्थानीय तह होस्, प्रदेशमा होस् या केन्द्रमा हरेक ठाउँमा पैसा नभई कसैले टिकट पाउनेवाला छैन । देश बनाउने सोच बोकेर राजनीतिक यात्रा कसैले थालेका होइनन् सबैले आआफ्नो दुनो सोझ्याउन राजनीतिमा आएका हुन्भन्दा फरक पर्दैन । धेरै वर्षअघिदेखि राजनीतिमा लागेकाले अवसर पाउँदैनन् हिजो राजनीति सुरु गरेकाले अवसर पाउँछन् । यसले गर्दा असल कार्यकर्ता पाखा लाग्दै गएका छन् । राम्राले होइन हाम्राले अवसर पाउँदैगएका छन् । जबसम्म यो र यस्तो प्रवृत्तिको अन्त्य हुँदैन तबसम्म देशले राजनीतिक स्थायित्व पाउन सक्दैन । बोलेरमात्र देशमा संवृद्धि आउँदैन, त्यसका लागि केही महत्वपूर्ण काम गर्नुपर्छ । ६ दशक नाघेका नेताले देशको बारेमा सोचेर अघि बढ्दैनन् भने देश विकास कसरी र कहिले होला ? जनताले नेताको विरोध गरेका छैनन् गर्दा पनि गर्दैनन् । जनताले नेताको गलत प्रवृत्तिको विरोध गरेका हुन् यसलाई मनन् गरेर अघि बढ्नुपर्छ । कसले के भन्योभन्दा पनि मैले के गर्नुपर्छ भनेर सोच्नेबेला आएको छ ।*

हिजो संविधान बनाउँदा सबै जातजाति भाषाभाषीको पँहुच होस् भन्नका लागि समानुपातिक निर्वाचन प्रणाली राखियो त्यो ठीक छ अहिले देशमा संविधान बनिसक्यो अब केका लागि चाहियो समानुपातिक निर्वाचन प्रणाली नेताका आफ्नो मान्छे सांसद मन्त्री बनाउँन ? जो व्यक्तिलाई जनताले रुचाउँदैनन् तिनलाई मन्त्री सांसद बनाउन यो निर्वाचन प्रणाली नहटाएको हो भन्ने प्रष्ट देखिएको छ । जबसम्म समानुपातिक निर्वाचन प्रणाली हट्दैन तबसम्म एउटा दलले सरकार बनाउन सक्दैन र जबसम्म एउटा दलले सरकार बनाउन सक्दैन तबसम्म देशमा राजनीतिक स्थायित्व आउँदैन ।

समानुपातिक निर्वाचन प्रणाली हटाउनुपर्छ । अब आँखा खोल्नुहोस् नेताज्यू निधाएको अभिनय गरेर नबस्नुहोस् ढिलो भइसक्यो । अहिले जनताले प्रतक्ष्य निर्वाचित प्रधानमन्त्री प्रत्यक्ष्य निर्वाचित राष्ट्रपति भन्न थालिसकेका छन् । अब पनि त्यही पुरानो रटान लगाएर हुन्छ ? जनताले प्रधानमन्त्री छान्न पाउनुपर्‍यो अनि जनताको प्रधानमन्त्री हुन्छ । अहिले त नेताले छानेको प्रधानमन्त्री जनताको हुनै सकेको छैन । नेताले छानेको प्रधानमन्त्री जनताको बारेमा के सोचोस् नेताकै बारेमा सोच्नु स्वाभाविक हो ।

जनताले नै प्रधानमन्त्री चुन्ने व्यवस्था संविधानमा राख्नुपर्‍यो । संविधान संशोधन गर्नु भनेको होइन यी विषयमा संविधान संशोधन हुनुपर्छ भनेको हो । नेताले छानेको प्रधानमन्त्रीले देश विकास गर्न सकेन अब जनताले छानेको प्रधानमन्त्री भयो भने केही गरेर देखाउनेछ । सधैं राजनीतिक फोहोरी खेल खेलेर जनतालाई गुमराहमा राखेर आफ्नो दुनो सोझ्याउने काम नगरौं । अहिले लगभग दुईतिहाइको सरकार छ यो सरकारले देश र जनताका बारेमा नसोचे कसले सोच्ने ? हिजोसम्म बहुमतको सरकार नभएर केही गर्न सकिएन भनेका दलका लागि अब त त्यो पनि भन्नुपरेन । कांग्रेसको उद्देश्य देश बनाउने हो एमालेको उद्देश्य पनि देश बनाउने हो भनेपछि देश विकास गर्न अब रोक्यो केले ? हाम्रो देश बनाउने विदेशी देश आएर होइन यिनै नेताहरूले नै हो त्यसकारण नेताहरूको सोचमा परिवर्तन आउन जरुरी छ । तन्त्रको मात्र परिवर्तनले देशमा विकास हुँदैन त्यसका लागि सोच परिवर्तन हुनुर्पछ । अनुहार परिवर्तन भएरमात्र भएन मानसिकतामा परिवर्तन आउनुपर्‍यो । अहिलेको यो सुनौलो अवसरलाई दलहरूले सदुपयोग गर्न सकुन् । देशमा के गर्दा राजनीतिक स्थायित्व हुन्छ भन्ने हामी जस्ता भुइँमान्छेले अनुमान लगाउन सक्छौं भने देश चलाउँछु भन्ने नेताहरूलाई थाहा नहुने कुरै भएन । थाहा हुँदाहुँदै पनि थाहा नपाएजस्तो गर्नु चाहिँ उचित होइन । देशको अर्थतन्त्र धराशयी बन्दै गएको छ । विदेशीसँग ऋण मागेर देश चलाउनुपर्ने अवस्था छ । यस्तो अवस्था कहिलेसम्म रहने हो ? ऋण मागेर देश चलाउने । ऋण दिनेले पनि त्यत्तिकै दिँदैन अनि ऋण चाहिँ कसरी तिर्ने म मरिहाल्छु आउने पुस्ताले जे गरोस् गरोस् भनेर सोच्नु भएन । जसले जसरी जतिसुकै भने पनि राजनीति स्थायित्व नभई समस्याको हल हुँदैन । हिजोदेखि आजसम्म भएको यही हो । दलहरूले नचाएर राजनीतिक स्थायित्व नभएको हो । नेताज्यू एकपटक सोच्नुहोस् त तपाईहरूले चाहनुभयो भने रातारात देशको मुहार फेरिनेछ । भ्रष्टाचारीको अन्त्य हुनेछ । बिचौलियाको तहसनहस हुनेछ र जनताले शान्ति सुरक्षाको प्रत्याभूति पाउने छन् ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सरकारी निकायको भय रहला । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **तुला** : वैदेशिक क्षेत्रबाट राम्रो हुने र व्यापार र व्यवसाय फस्टाउनेछ । |
| **वृष** : घुम्न जाने योजना बन्न सक्छ । ठूला व्यक्तिले मेहनतको प्रसंग गर्नेछन् । | **वृश्चिक** : जीवन साथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ । |
| **मिथुन** : जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ । | **धनु** : घुम्न जाने योजना बन्नसक्छ । ठूला व्यक्तिले मेहनतको प्रसंग गर्नेछन् । |
| **कर्कट** : वैदेशिक क्षेत्रबाट राम्रो हुने र व्यापार र व्यवसाय फस्टाउनेछ । | **मकर** : लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । |
| **सिंह** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्, तर विद्या र बुद्धिमा ह्रास आउन सक्छ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । परोपकारमा रुचि बढ्नेछ । |
| **कन्या** : स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ । | **मीन** : कार्यमा सफलता पाइनेछ । प्रेमीको सहयोग पनि पाइनेछ । |

## कला मनोरञ्जन

# नेपाली फिल्मको दबदबा, पछि परे हिन्दी फिल्म




पछिल्लो समय केही नेपाली फिल्मले राम्रो व्यवसाय गरेका छन् । चाडपर्वको समय पारेर प्रदर्शनमा आएका केही नेपाली फिल्मले दर्शकको राम्रो साथ पाएका हुन् । असोज र कात्तिकमा प्रदर्शित नेपाली फिल्मले हिन्दी फिल्मलाई समेत पछि पार्न सफल भएका छन् । यो दुई महिनामा ६ नेपाली फिल्मले राम्रो दर्शक पाए । यो अवधिमा रिलिज भएका सबैजसो हिन्दी फिल्मले नेपाली दर्शक पाउन सकेनन् । असोजको पहिलो साता रिलिज भएको नेपाली फिल्म 'खुस्मा', तेस्रो साताको 'बेहुली फ्रम मेघौली' र फूलपातीमा रिलिज भएको '१२ गाउँ', 'छक्का पन्जा ५', 'ज्वाइँ साब' व्यावसायिक रूपमा सफल रहे । असोजमा रिलिज भएका दुई हिन्दी फिल्म 'देवरा' र 'जिग्रा'ले दर्शक पाउन सकेनन् । 'देवरा'ले रिलिजको दिन देखिनै दर्शक पाएन भने 'जिग्रा'लाई नेपाली फिल्म 'बेहुली फ्रम मेघौली'ले पछि पाऱ्यो । यस्तै, तिहारमा प्रदर्शनमा आएको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले नेपाली बक्सअफिसमा हङ्गामा मच्चाइरहेको छ । हलको शोमा ऐतिहासिक कीर्तिमान रच्न सफल यो फिल्मको टिकट पाउनै मुस्किल छ । लक्ष्मीपूजाको अवसर पारेर कार्त्तिक १५ गतेदेखि रिलिज भएको फिल्मको व्यवसाय दोस्रो साता पनि आक्रामक छ । फिल्म गत बिहीबारदेखि दोस्रो सातामा प्रवेश गरेको हो । 'पूर्ण बहादुरको सारङ्गी' सँगसँगै प्रदर्शनमा आएका बलिउडका बहुप्रतिक्षित फिल्महरू 'सिंघम अगेन' र 'भूल भुलैया ३' शो र कमाई दुवैमा पछि परेका छन् । रिलिजको दिन शो राम्रो पाएका हिन्दी फिल्मको शो पछिल्ला दिन घटेका छन् । असोज र कार्त्तिकमा रिलिज भएका हिन्दी फिल्म नेपालमा व्यवसाय गर्न असफल रहेको वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टका मनोज राठी बताउँछन् । 'घटस्थापनामा आएको फिल्म जिग्राले पनि व्यवसाय गरेन', राठीले भने, 'तिहारको फिल्म सिंघम अगेन र भूल भुलैया ३ को हालत पनि त्यस्तै रह्यो ।' अबदेखि नेपालमा हिन्दीभन्दा नेपाली फिल्म धेरै चल्छ जस्तो आफूलाई लाग्न थालेको राठीको भनाइ छ । निर्माता तथा प्रदर्शक गोपालकाजी कायस्था पनि यो दुई महिनामा हिन्दीभन्दा नेपाली फिल्मको व्यवसाय राम्रो रहेको बताउँछन् । 'म पहिलेदेखि नै हिन्दीको विरोधभन्दा पनि नेपाली फिल्म राम्रो बनाऔं, हिन्दी फिल्म आफैँ विस्थापित हुन्छ भन्दै आएको छु', कायस्थाले भने, 'अहिले राम्रो नेपाली फिल्म आयो । दर्शकले हिन्दी छोडेर नेपाली हेरे ।' फिल्मकर्मीले आफ्नो फाइदाका लागि, अरुलाई फसाउन भन्दा पनि राम्रो फिल्म बनाउन सकेमा दर्शक पाउने उनको भनाइ छ । दसैं र तिहारजस्ता मुख्य चाडपर्वमा आएका नेपाली फिल्मले व्यवसायमा ठुलो छलाङ मारेका छन् । वर्षमा ६/ ७ वटा फिल्म सफल भएको समयमा २ महिनामै ६ फिल्म व्यावसायिक रूपमा सफल ठहरिएका छन् । यो दुई महिनामा सफल भएका ६ फिल्म हुन् 'खुस्मा', 'बेहुली फ्रम मेघौली', '१२ गाउँ' र 'छक्का पन्जा ५', 'ज्वाइँ साब' र 'पूर्ण बहादुरको सारंगी' । यी ६ वटा फिल्मले निकै लोभलाग्दो कमाइ गरेका छन् । सबै फिल्मको व्यवसाय जोड्दा अहिलेसम्म ७१ करोडभन्दा माथिको व्यापार गरेको सरोकारवाला बताउँछन् । अशोक थापा मगर निर्देशित 'खुस्मा' धिरज मगर र उपासना सिंह ठकुरीको मुख्य भूमिका रहेको फिल्म हो । प्रेमकथामा निर्माण भएको फिल्मले ६ करोडभन्दा माथि कमाइ गरेको निर्देशक थापाको दाबी छ । त्यस्तै 'बेहुली फ्रम मेघौली'ले हलबाट ४ करोड रूपैयाँ हाराहारी कमाएको अभिनेता एवं निर्माता निश्चल बस्नेत बताउँछन् । दोस्रो साता शो थोरै भयो भनेर फिल्म हलबाट उतारिएको थियो । फूलपातीमा एकसाथ रिलिज भएका तीन फिल्म '१२ गाउँ', 'छक्का पन्जा ५' र 'ज्वाइँ साब' पनि सफलमा पर्छन् । विराज भट्ट, उनका छोरा समीरको अभिनय रहेको फिल्म '१२ गाउँ'ले चौथो सातासम्म २५.५ करोड कमाएको वितरक गोविन्द शाहीले बताए । फिल्म अहिले पाचौँ सातामा प्रदर्शनरत रहेकोले आम्दानी अझ बढ्छ । 'छक्का पन्जा ५'ले पनि चौथो सातासम्म २० करोडभन्दा बढी आम्दानी गरिसकेको वितरक मनोज राठी बताउँछन् । फिल्म अहिले पाँचौँ सातामा प्रदर्शनरत छ । दीपकराज गिरी, वर्षा शिवाकोटी, केदार घिमिरेको अभिनय यो फिल्ममा छ । त्यस्तै फूलपातीमा रिलिज भएका तीन फिल्ममा कमजोर आम्दानी 'ज्वाइँ साब'ले गरेको छ । जितु नेपाल र नीति शाह अभिनीत फिल्मले ५ करोडभन्दा बढी कमाएको निर्देशक वसन्त निरौला बताउँछन् । फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले भने अहिले बक्सअफिसमा आक्रामक आम्दानी गरिरहेको छ । वितरक कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टका अनुसार फिल्मले आठौँ दिन बिहीबारसम्म देशव्यापी ११ करोड १० लाख रुपैयाँ कमाइ गरेको छ । फिल्मको दोस्रो साताको कलेक्सन आउन बाँकी छ ।

*-रातोपाटी डटकम*

# यस्तो छ 'कार्साङ'मा जितुको लुक्स



शेर्पा समुदायको कथामा आधारित भएर बनेको फिल्म 'कार्साङ' आगामी पुष २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ । अभिनेता दयाहाङ राई शीर्ष भूमिकामा रहेको फिल्ममा जितु नेपालको पनि अभिनय छ । मंगलबार उनको क्यारेक्टर लुक्स सार्वजनिक गरिएको छ । उनको लुक्स र गेटअप हेर्दा आदिवासी जनजाती समुदायको चरित्र देखिन्छ । अग्लो स्थानको ढुंगामा टुक्रुक्क बसेका उनले हातमा बटुका लिएका छन् । उनले अनुहारको भाव विगारेको देख्दा बटुकामा नशालु पदार्थ हुनसक्ने अनुमान गर्न सकिन्छ । स्टकोट लगाएका उनको शिरमा कालो रंगको टोपी र खुट्टामा गमबुट छ । घुँडामा झोला अड्याएका छन् । पृष्ठभूमिमा भने ग्रामीण भूगोल चित्रित छ । पोस्टर हेर्दा जितुले चरित्र निर्माणमा मिहिनेत गरेको देखिन्छ । पोस्टरमा कविता लयको 'मकै त पिन्ने घट्टामा, पिरती बस्यो ठट्टामा' भन्ने वाक्य उल्लेख छ । यसबाट जितुको चरित्रचित्रण गरिएको हुनसक्छ । उनको कसैसँग प्रेम बसेको जानकारी दिन खोजिएको छ । 'वडा नम्बर ६'पछि दयाहाङ र जितुबीच करिब ९ वर्षपछि सहकार्य भएकाले 'कार्साङ'लाई लिएर दर्शकमा उत्सुकता देखिन्छ । यम शेर्पाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा सिर्जना निङलेखु, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, रविन्द्र झा, कर्मा शेर्पा लगायतको पनि अभिनय छ । सिर्जनाले यही फिल्मबाट डेब्यु गरेकी हुन् । उनी दयाहाङको श्रीमतीको भूमिकामा छिन् । जितुको जोडी भने दीया मास्केसँग बाँधिएको छ । पुरुषोत्तम प्रधानको छायांकन र निर्माण रहेको फिल्मको प्रस्तुतकर्ता आङ छिरिङ्ग शेर्पा हुन् ।

सह-निर्मातामा गोविन्द बोहरा, कार्यकारी निर्माता आङछिरिङ शेर्पा तथा लाइन प्रोड्युसरमा वीरेन्द्र शाही छन् । फिल्मको अन्तराष्ट्रिय वितरण अधिकार हुल्या इभेन्टस सुमन पराजुली र सोमलाल थोकर लिएको छ भने देशभर वितरणको जिम्मेवारी आरआर फिल्मसले लिएको छ ।

*-फिल्मी खबर डटकम*

# 'मलाई माया गर्नेहरुले विजय सम्हालिएर अघि बढ्नु है भन्छन'



निर्विवाद विजय बराल अहिलेका सुपरस्टार हुन् । शीर्ष अभिनेताको रुपमा उनको पहिलो फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले घरेलु बक्स अफिसमा २० करोडको गौरवशाली आँकडा पार गरेको छ । नाटक हुँदै फिल्ममा स्थापित विजय दर्शकमाझ आफ्नो प्राकृतिक र उम्दा अभिनयले प्रिय छन् । 'कबड्डी' श्रृंखलाको बिके पात्र होस् या 'पूर्णबहादुरको सारङ्गी'को पूर्णबहादुर गन्धर्व । यी दुवै चरित्र घरेलु फिल्मले पाएका महत्वपूर्ण पात्र हुन्, जसमा विजयले प्राण भरे । यी आयाममा अभिनेता विजय बरालसँग अनलाइनखबरकर्मी विष्णु शर्माले संवाद गरेका छन् । आफूले अभिनय गरेको फिल्म कतिपटक हेर्नुभयो ? पहिलो दिन नै दुईचोटि हेरें । बिहान र बेलुका श्रीमतीसँग बसेर सँगै हेरें ।

**फिडब्याक कस्तो पाउनुभएको छ ?**

अहिलेसम्म राम्रो फिडब्याक पाएको छु । सँगै अभिनय यात्रा तय गरेका साथीहरुले यो गरेको भए राम्रो हुन्थ्यो भन्ने कमेन्ट पाएको छु । अहिलेको अवस्था प्रशंसा बढी भएको अवस्था हो मेरो लागि । यत्तिको सफलता प्राप्त गर्नुले एउटा मान्छेको लागि कत्तिको प्रभाव पर्ने रहेछ ? १७ वर्षको नाट्य यात्रामा मैले नाट्य प्रयोग पहिले नै गरेको हुँ । फिल्म क्षेत्रमा १३ वर्षको यात्रा भयो । यो किसिमको ठूलो सफलताले मान्छेलाई विचलित बनाउँछ । मेरो आफ्नो स्वभावमा यति नबनाउँला । मैले यो भन्दा अगाडि पनि चरित्र गरेकै हो । यो किसिमको उछाल आएको भयंकर अवस्था मेरो जीवनमा थिएन । अरु सिनेमा पनि चलेकै अवस्था थियो, त्यतिबेला म मूल पात्र थिइनँ होला । तर पनि मेरो सिनेमा चलेको अवस्था थियो । मूल पात्र भएको अवस्थामा देशैभर सबैले चिन्नु, सबैले भेट्दा थाहा पाउनु र फिल्मको चर्चा हुनु मेरो लागि मेरो लागि ठूलो र सुखद कुरा भए पनि मेरो लागि त्यस्तो उतारचढाव नहोला । म यतिबेला सफलता र असफलताबीचको सहजतामा छु । अघिको विजय बराल र पछिको विजय बरालबीच भिन्नता चाहिं के छ ? विजय बरालको अवस्था उही छ । तर विजय बरालको मनस्थिति थोरै परिवर्तन भएको अवस्था हो । बानी उही हो तर यतिबेला मास्क चाहिं लगाउनुपर्ने बेला भएको छ । अरु बेला मैले मास्क लगाउन जरुरी छैन भन्थें । हामीले अभिनय अरुको लागि गरेको हो भन्थें । हामीले त देखाउने काम गरिरहेका छौं भन्थें ।

ञएउटा परिवर्तन यो ममा भयो । धेरै मासले फिल्म हेर्नुभएछ । पसलमा चर्चा भयो । बाहिर चर्चा भयो । चर्चाको हिसाबमा थोरै परिवर्तन भएको अवस्था हो । अर्को मनस्थिति के हुने रहेछ भने सफलता पाएपछि सफलता महसुस त गर्नुपर्ने रहेछ । यो इनर्जीलाई कसरी प्रयोग गर्ने भन्ने कुरा हो । म यस कुरामा सचेत छु । मान्छेले हेर्ने, समाजले बुझ्ने र मलाई फोन आउने प्रक्रियाहरु, अँगालो हाल्नुहुन्छ । रुनुहुन्छ । मेरो जीवनमा यस्तो चीज अब कहिल्यै पनि हुँदैन होला सायद । जुन किसिमको इनर्जी र भाइब्रेसन हुन्छ, यस्तो मेरो जीवनमा नहोला ।

**विजय बराललाई अहिले सबैभन्दा ठूलो डर केबाट छ ?**

वास्तविकता म डराउने मान्छे होइन । अहिले एक कल उठाउँदा १० कल आइरहेको अवस्था छ । सिनेमा हलमा रातै हुँदा मेरो मोबाइल पनि रातै हुन्छ । मलाई माया गर्नेहरुले विजय सम्हालिनु है भन्छन् । फिल्म छान्दा राम्रोसँग छान्नु है भन्छन् । यो समय तिम्रो हो, राम्रो गर्नुपर्छ भन्दा चाहिं डर पैदा हुन्छ । म आफूलाई दिएको चरित्रलाई न्याय गर्छु भन्ने मानसिकतामा हिंड्छु सधैं । क्यारेक्टरलाई लिएर मेरो अडान सधैं त्यही हुन्छ । अबको डर भनेको कामलाई कसरी ह्यान्डलिङ गर्छु भन्ने मात्र हो । यति हिट फिल्म दिएपछि अब विजय बरालमा अहमता हुन्छ कि हुँदैन ? नढाँटिकन भन्नुपर्दा- हुँदैन । म फिल्म मात्र गर्थें भने त्यो हुनसक्थ्यो होला । मसँग थिएटर छ । थिएटर गर्ने भइसकेपछि म फेरि स्टेजमा जानुपर्छ । स्टेजमा गइसकेपछि प्रत्येक दिन दर्शकसँग भेट्नुपर्छ । म फेरि त्यही ठाउँमा आउनुपर्छ । यसकारण म धेरै अहम् हुन्छु कि भन्ने डरले पनि म आफूलाई काबुमा राख्न यस्तो कुरा गर्छु । यदि अहमता हुन्थ्यो कस्तो प्रकारको हुन्थ्यो होला ? मेरो नेचर अहमता पाल्ने छैन । यो त एक्टिङ गरेजस्तो भयो । हामीले एक्टिङमा यदि म डाक्टर भएको भए, यदि म डाक्टर भएको भए भन्ने कुरा प्रयोग गर्छौं । भएको भए भन्नेमा कसरी जानु, यो मेरो नेचर नै होइन । ९५ प्रतिशत म घमण्डी हुन्न । ५ प्रतिशत राखौं । यो मनको कुरा हो । कसैले नसोचेको यस्तो सफलता आयो तपाईंको करिअरमा । यो सफलता पछाडिको कारण के देख्नुहुन्छ तपाईंले ? कारणलाई निवारण गर्ने प्रक्रिया हुन्छन् । जस्तै- यो सफलता आउनुअघि मेरो तयारी थियो । यत्तिको हुन्छु भन्ने त थिएन तर केही हुन्छु भन्ने सोचेरै आएको हो । त्यो बीचको तयारीले मलाई यहाँ पुऱ्याएको हो । भन्नुको अर्थ, सफलता प्राप्त गर्न तयारी पनि महत्वपूर्ण कुरा हो । सिधै सफलता प्राप्त गर्दा त्यो दिगो नहुन पनि सक्छ । सफलताको पछाडि तयारी आवश्यक छ, मेरो लागि त्यही हो । पछिल्लो समय जेजस्ता घटनाक्रम भए, यसबाट तपाईंले के सिक्नुभयो ? लक्ष्मीपूजापछि मैले के महसुस गरें भने जीवनमा लेखेको कुरासँग एउटा इनर्जी हुन्छ । कर्म गर्दै जाँदा कुनै न कुनै दिन पाइन्छ भन्ने कुरा मैले महसुस गरें । शुभ दिन थियो लक्ष्मीपूजा । हामीले पूजा गऱ्यौं । प्रमिला र म एउटा हलमा गयौं । जम्मा दर्शक चारजना थियौं । म अलिकति भावुक पनि भएँ । हामी चारजना मात्र दर्शक थियौं । मैले प्रमिला (श्रीमती)लाई दर्शकको मनमा बस्यो भने फिल्म वर्ड अफ माउथमा चल्छ भनेर हामी निस्कियौं । मेरो जीवनमा यो जादूजस्तै हो । एउटा त सफलताको पछाडिको तयारी होला तर यो भित्र एउटा पावर सर्कुलेट भयो होला । यो सबैको इनर्जीले बनेको होला ।

**तपाईसँग फिल्मलाई सफल बनाउने मन्त्र छ त ?**

मलाई जुनसुकै क्यारेक्टर दिए पनि त्यो पात्रलाई रोचक बनाउने मेरो मन्त्र छ ।

**अब कस्तो शैलीको फिल्म बनाउनुपर्छ भन्ने लाग्छ ?**

अहिले फेस्टिभलको माहोल हेर्दा कमेडी जनराको, एक्सनप्रधान वा भुईंको कथा उठाउँदा पनि मनपराएको अवस्था हेर्दाखेरि नेपाली सिनेमाको आफ्नै शैली निर्माण भएको हुनुपर्छ । हाम्रो देशमा धेरै जातजाति र समुदायको बसोबास छ । यसकारण कोर कथा उठ्नुपर्छ । कथा युनिभर्सल हुनुपर्छ । मनसँग कनेक्सन हुनुपर्छ । पूर्णबहादुरले यत्तिको हाइप क्रिएट गर्नुमा चरित्रको मनसँग सम्बन्ध स्थापना गरेको छ । सबै माहोल यसरी क्रिएट भएको अवस्था हो ।

*-अनलाइन खबर डटकम*

*विद्यमान आर्थिक ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आफ्नो कारोबारको विवरण तथा कारोबार मूल्यको दुई प्रतिशत कर दाखिला गर्नुपर्छ । तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आवद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट व्यवस्था आर्थिक ऐनमा छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली*

# मिर्गौलापीडित सागरको याचना : 'म बाँच्न चाहन्छु, सहयोग गरिदिनुहोस्'

**पाल्पा,** कार्तिक २८/गुल्मीको इस्मा गाउँपालिका -२ रातडाँडाका २६ वर्षीय सागर रायमाझीको दुवै मिर्गौलाले काम गर्दैन । गत वर्षदेखि दुवै मिर्गौलाले काम गर्न छाडेपछि उनले काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार गराउँदै आएका छन् ।

अहिलेसम्म उपचारमा २० लाख बढी खर्च भइसकेको छ । मिर्गौला प्रत्यारोपणका लागि अझै २० देखि २२ लाखसम्म खर्च लाग्ने चिकित्सकले बताएपछि रायमाझीले सबैसँग सहयोगको याचना गरेका छन् । 'मिर्गौला प्रत्यारोपणका लागि ठूलो रकम आवश्यक पर्छ, घरको आर्थिक अवस्था नाजुक छ', उनले भने, 'सबैले सहयोग गरिदिए म बाँच्न चाहन छु ।' बिरामी भएर उपचार गर्दा दुवै मिर्गौलाले काम गर्न छाडेको पत्ता लागेको थियो । हाल उनले हप्ताको दुई दिन डायलासिस गर्नुपर्छ । '८/९ महिना भयो काठमाडौंमा बसेर उपचार गराउनु परेको छ, पैसा छैन, कसरी उपचार गर्नु', रायमाझीले भने, 'सबैको थोरै-थोरै सहयोगले उपचारका लागि खर्च जुटे म बाँच्थे ।' घरको आर्थिक अवस्था कमजोर भएकै कारण सानो उमेरमा विदेशीएका रायमाझी दुवै मृगौला फेल भएपछि अहिले उपचारका लागि अस्पतालको बेडमा छट्पट्याउँदै सहयोगको अपिल गर्दै आएका छन् । उनकी आमा विष्णु रायमाझी घरको



साहारा बनेको छोरा नै रोगसँग लडिरहँदा उपचारका लागि आर्थिक अभावमा तड्पिरहेकी छन् । अहिले छोराको उपचारका लागि सबैसँग सहयोगको याचना गरिएको उनले बताइन् । 'श्रीमान ५ वर्षअघि दुर्घटनामा परी गम्भीर घाइते भई अहिलेसम्म विस्तारामै हुनुहुन्छ,' रायमाझीले भनिन्, 'अब जीवनको सहारा भनेकै यही एउटा छोरा हो । यो पनि बिरामी भएपछि उपचार गर्ने पैसा छैन ।' उनले छोराको उपचारका लागि खर्च जुटेमा आफ्नो मृगौला प्रत्यारोपण गरिदिने बताइन् । 'म मेरो मृगौला प्रत्यारोपण गरेर भए पनि छोरालाई बचाउन चाहन्छु ।' रायमाझीले भनिन्, 'सबैले सहयोग गरिदिए छोरा बाच्ने थियो ।' मिर्गौलापीडित रायमाझीको उपचारका लागि उनकी आमा विष्णु रायमाझीको नाममा ग्लोवल आइएमई बैंकमा (खाता नं ०७००७०१००११८३३) खाता खोलिएको छ ।

# सत्यवती मेला हेर्न जानेहरुलाई श्रीनगर यातायातको सहज सेवा

**पाल्पा,** कार्तिक २७/ श्रीनगर यातायात सेवा कम्पनी प्रालिले पाल्पाको तिनाउ गाउँपालिका-४ सत्यवती मन्दिरमा मेला हेर्न जाने श्रद्धालु भक्तजनहरुका लागि यातायातको सहज व्यवस्था मिलाएको छ । कम्पनीले मंगलबारदेखि सुरु भएको यस वर्षको सत्यवती मेला हेर्न जानेहरुका लागि सहज यातायतको व्यवस्था गरेको हो ।

विगतका वर्षहरुमा मेला हेर्न जाने भक्तजनहरुले यातायातको सहज सुविधा नपउँदा सास्ती खेप्नु परेको अवस्थालाई मध्यनजर गरी सहज यातायातको व्यवस्था मिलाइएको कम्पनीका कार्यालय प्रमुख भविन्द्र गौतमले एनजेडीलाई जानकारी दिए । उनका अनुसार कार्तिक २७ देखि ३० गतेसम्म झुम्सादेखि सत्यवती नियमित रुप जिप सेवा सञ्चालन गरिएको हो । सर्वपक्षीय बैंठकबाट प्रति यात्रु एकतर्फी रु.२ सय भाडादर कायम गरिएको छ । कम्पनीले सेवा सञ्चालनको क्रममा हुने असहजतालाई सहजीकरण गर्न सेवा केन्द्र समेत स्थापना गरेको छ । कात्तिक पूर्णिमाको अवसर पारी सत्यवतीमा हरेक वर्ष मेला हुने गर्दछ । परम्परादेखि नै यहाँ चिच्याएर बर माग्ने अनौठो मेला लाग्ने गर्दछ । यस वर्ष जोग परेका कारण विगतका वर्षभन्दा भक्तजनको संख्या बढी हुने जनाइएको छ । तिहारपछिको पूर्णिमामा सत्यवती मेला लाग्ने गर्दछ भने उक्त पूर्णिमा कार्त्तिक महिनाभित्र परेमा जोग परेको मानिने प्रचलन रहेको छ । उक्त प्रचलन अनुसार जोग परेको समयमा मन्दिरमा



पूजा गरेर वर मागेमा सत्यवती बजैले पूरा गरिदिने जनविश्वास रहेको छ । परापूर्व कालमा सत्यवती बज्यै घना जङ्गलकोबीचमा आई तपस्या गरेपछि शक्ति प्राप्त गरेको किमबदन्तीमा उल्लेख छ । सत्यवती बज्यै कानले नसुन्ने बहिरी भएकाले भक्तजनले सत्यवती ताल नजिकै पुगेर चिच्याएर मनमा चिताएको बर मागेमा बज्यैले पूरा गरिदिने जनविश्वास रहेको छ । यही विश्वासका कारण यहाँ हरेक वर्ष तिहारपछिको पूर्णिमामा मेलामा हजारौं भक्तजन बर माग्ने मेलामा सहभागी हुने गर्दछन् । बर माग्ने भक्तजनले बाँस, निगालो, साल आदि जातका लिङ्गो लिएर रातिको समयमा तालमा गाड्ने र आफूले गाडेको लिङ्गो भोलिपल्ट चिनेर त्यही पूजा गरेपछि घरमा फर्कने परम्परा रहेको छ । ताल नजिकै रहेको मन्दिरमा बोका, पाठी लगायतको बली चढाउनुका साथै परेवा उडाउने प्रचलन रहेको छ । यहाँ परापूर्व कालदेखि नै बर माग्नका लागि नेपालका विभिन्न जिल्लासहित भारतबाट समेत भक्तजन आउने गरेको स्थानीयहरु बताउँछन् ।

## खेलकुद समाचार

### नेपालले कुवेतलाई १ सय ६५ रनले हरायो



**काठमाडौं,** कार्तिक २७/कप्तान पूजा महतोको अलराउन्ड प्रदर्शनमा नेपालले आईसीसी १९ वर्षमुनिको महिला टी-२० विश्वकप एशिया छनोटमा कुवेतलाई १ सय ६५ रनले हराएको छ ।

नेपालले दिएको २ सय १४ रनको लक्ष्य पछ्याएको कुवेत १३ ओभरमा ४८ रनमै अलआउट भयो । कुवेतकी कप्तान जीफा जिलानीले सबैभन्दा धेरै ३६ रन बनाइन् । नेपालकी कप्तान पूजा महतोले ५ विकेट लिइन् । यस्तै रचना चौधरी र सिमाना केसीले २/२ विकेट लिए ।

यसअघि यूएईको सेभेन्स स्टेडियममा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा २ विकेट गुमाएर २ सय १३ रन बनायो । नेपालकी कप्तान पूजा महतोले कीर्तिमानी शतक बनाइन् । ५७ बलमा शतक बनाएकी पूजा ६९ बलमा १ सय ३० रन जोड्दै नटआउट रहिन् ।

पूजा १९ वर्षमुनिको महिला टोलीका लागि अन्तर्राष्ट्रिय शतक बनाउने पहिलो खेलाडी बनिन् । यस्तै सोनी पाखिनले नटआउट ४२ रन बनाइन् । कुवेतकी जिफा जिलानी र राइलिन मारिया डी सुजाले १/१ विकेट लिए । प्रतियोगिताको पहिलो खेलमा नेपालले थाइल्यान्डलाई ६७ रनले र दोस्रो खेलमा कुवेतलाई १ सय ८ रनले हराएको थियो । नेपाल तेस्रो खेलमा भने यूएईसँग १३ रनले पराजित भएको थियो । नेपालले चौथो खेलमा थाइल्यान्डलाई १ सय ६ रनले हराएको थियो । प्रतियोगितामा आयोजक यूएईसहित नेपाल, कुवेत र थाइल्यान्ड सहभागी छन् ।


## सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१**

यस मणिमुकुन्द बचत तथा ॠण सहकारी संस्थाको **२३ औं वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मितिः** २०८१/०८/०१
**स्थानः** बाल मन्दिर सभाहल, तानसेन, पाल्पा
**समयः** दिनको १२:३० बजे

अनुरोधक
मधु दयाल सैंजु
अध्यक्ष

श्री मणिमुकुन्द बचत तथा ॠण सहकारी संस्था लि.
तानसेन-३, पाल्पा
सम्पर्क नम्बर : ०७५-५२०७९४ र ०७५-५२२५४५


## अर्थ/कर्पोरेट समाचार

### दुई दिन उकालो लागेको नेप्से तेस्रो दिन भने घट्यो




**पाल्पा,** कार्तिक २७/दुई दिन निरन्तर उकालो लागेको सेयर कारोबार मापक नेप्से परिसूचक तेस्रो दिन भने घटेको छ । नेप्से अघिल्लो दिनको तुलनामा मंगलबार ११ दशमलव २४ अंकले घटेको हो ।

सो अंकको कमीपछि नेप्से २ हजार ७ सय ४८ मा कायम भएको छ । परिसूचक घट्दा कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन ११ अर्ब ३१ करोडको कारोबार भएकोमा मंगलबार ७ अर्ब ८५ करोडको भयो । ८० कम्पनीको मूल्य बढ्दा १ सय ५७ को घट्यो भने ७ को स्थिर रह्यो । यस दिन फाइनान्स समूहमा आकर्षण देखिएको छ । सो सेक्टर सबैभन्दा धेरै १.१२ प्रतिशत बढ्यो । त्यस्तै निर्जीवन बीमा ०.१३ र व्यापार ०.३५ प्रतिशत बढे । अन्य समूह सबैभन्दा धेरै १. १८ प्रतिशत घट्यो । बैंकिङ ०.३५, विकास बैंक ०.३१, होटल तथा पर्यटन ०.१५, हाइड्रोपावर ०.५७, लगानी ०.३५, जीवन बीमा ०.४४, उत्पादन ०.०२, माइक्रोफाइनान्स ०.६७ प्रतिशत घटे । ४ कम्पनी गुराँस लघुवित्त, मेन्छियाम हाइड्रोपावर, बेस्ट फाइनान्स र एनएलजी इन्स्योरेन्सको मूल्य १० प्रतिशत बढ्यो । समृद्धि फाइनान्सको ९.६१, समाज लघुवित्तको ७.२५, सपोर्ट माइक्रोफाइनान्सको ७.२२, कुथेली बुकरी स्मल हाइड्रोपावरको ७.१९ तथा जानाकी फाइनान्सको मूल्य ५.७८ प्रतिशत बढ्यो ।

गुडविल फाइनान्सको मूल्य ९.३ प्रतिशत घट्यो । आँखुखोला जलविद्युतको ४.९, माछापुच्छ्रे बैंकको ४.५, अपरहेवाखोलाको ३.७१ प्रतिशत मूल्य घट्यो । कारोबार रकमका आधारमा यस दिन फाइनान्स कम्पनीहरु अगाडि देखिए । बेस्ट फाइनान्स, गुडविल फाइनान्स, आँखुखोला जलविद्युत्, जानाकी फाइनान्स तथा पिपुल्स हाइड्रोपावर धेरै कारोबार हुने कम्पनीमा क्रमशः अगाडि रहे ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०७/२७**

यस विद्यालयको मिति २०८१/०७/२३ गते विद्यालय व्यवस्थापन समितिको निर्णय, तिनाउ गाउँपालिकाको च.नं. ६१३ मिति २०८१/०७/२६ सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको मिति २०८१/०७/२७ च.नं. ०४८२ को अनुमति पत्र र यस विद्यालयको तपशिलका रिक्त पद पूर्तिका लागि ऐन २०२८ शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम ९६ (क) बमोजिम १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेका न्यूनतम योग्यता पुगेका उम्मेद्वारहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञान नं.** : १५०/०८१/८२, **पद** : शिक्षक, **तह** : प्रा.वि., **श्रेणी** : तृतीय
**पद संख्या** : १ जना, **किसिम** : करार
**शैक्षिक योग्यता** : सम्बन्धित विषयमा १०+२ वा सो सरह उत्तीर्ण
**तलब स्केल** : नेपाल सरकारको प्रचलित नियम अनुसार
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०८/११ गते कार्यालय समयभित्र
**सम्पर्क मिति** : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट
**परीक्षाको किसिम** : लिखित र अन्तवार्ता
दरखास्त दस्तुर : प्रा.वि. (रू.५००)
**आवश्यक कागजातहरू** : शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि,निवेदन एक प्रति, निरोगिताको प्रमाण पत्र प्रतिलिपि नेपाली, नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।

*पुनश्चः शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीका उम्मेदवारको आवेदन परेमा अन्य उम्मेदवारको दरखास्त फिर्ता हुनेछ ।*

**सम्पर्क नं.** : ९८४७४६८३३३,९८४७०६८८७०,९८४७१७६९००

श्री लक्ष्मी आधारभुत विद्यालय
तिनाउ-६, मस्याम,चिदीस, पाल्पा



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई